# आरुघाट गाउँपालिका

## स्थानीय राजपत्र

भाग-२ खण्डः ६ संख्या :१

पारित भएको मितिः २०८१/०६/२१

प्रकाशन मितिः २०८१/०६/२२

# अनुदानमा आधारित पशु बिमा कार्यक्रम २०८१

## आरुघाट गाउँपालिका, गोरखा

## प्रस्तावना

आरुघाट गाउँपालिका क्षेत्रभित्र रहेका कृषकहरुले पाल्दै आएका गाई,भैसी,भेडा,बाख्रा,बंगुर पशुहरुको अचानक हुने मृत्युको क्षतिबाट जोगाई आर्थिक नोक्सानी न्यूनीकरण गर्ने उद्देश्यले पशु बिमा गर्दा बिमितले तिर्नुपर्ने कुल बिमा शुल्कको ५० प्रतिशत रकम अनुदान यस गाउँपालिकाबाट कृषकहरुलाई अनुदान स्वरूप उपलब्ध गराई गाई, भैसी,भेडा,बाख्रा,बंगुर बिमा गरि कृषकहरुको आर्थिक तथा सामाजिक हैसियत सबल तथा सक्षम बनाउन गाउँपालिकाको तर्फबाट बिमितले तिर्नुपर्ने कुल बिमा शुल्कको ५० प्रतिशत अनुदानमा पशु बिमा सेवा संचालन तथा व्यवस्थापन गर्न कृषकलाई पशुपालन व्यवसायमा जोखिम वहनगर्ने सक्षम बनाउन वान्छनिय भएकोले आरुघाट गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद -१

१. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम **अनुदानमा आधारित पशु बिमा कार्यक्रम २०८१** रहेको छ ।

ख) यो कार्यविधि आरुघाट गाउँपालिका स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा :

क) अनुदानमा आधारित पशु बिमा कार्यक्रम भन्नाले आरुघाट गाउँपालिकाबाट कृषकले व्यहोर्ने कुल बिमा शुल्कको ५० प्रतिशत रकमलाई जनाउछ ।

ख) "कार्यपालिका" भन्नाले आरुघाट गाउँ कार्यपालिकालाई जनाउनेछ ।

ग) "पशु बिमा" भन्नाले सरकारी मान्यता प्राप्त बिमा कम्पनि वा सहकारी संस्था मार्फत गरिने पशुधन सुरक्षा(लघु बिमा) कार्यक्रम मार्फत गरिने बिमा समेतलाई जनाउनेछ ।

घ) शाखा भन्नाले पशु सेवा शाखालाई जनाउछ ।

परिच्छेद -२

३. कृषकले यो कार्यक्रम प्राप्त गर्नको लागि आरुघाट गाउँपालिकाभित्रका पशुपन्छी पालक कृषक,फर्म,समूह,समिति वा सहकारी संस्था भएको हुनुपर्नेछ । यो कार्यक्रम लागु गराउनु अघि कृषकलाई अनुसूची-२ बमोजिम सूचना प्रकाशन गर्नेछ ।

१) अनुदानमा पशु बिमा सेवा संचालन तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत कार्यक्रम संचालन तथा भुक्तानी बिधि :

क) कुनै पनि कृषकको पशु (गाई,गोरु,भैसी,राँगा,भेडा,बाख्रा,बोका र बीर,भुनी बंगुर) मा बिमा सेवा गराएको पशुको पहिचान खुल्ने पशु पहिचान पट्टा (tag number),सेवा प्राप्त कृषकको सम्पर्क नम्बर,सेवा उपलब्ध गराएको मिति तथा आवस्यक विवरणहरु पूर्ण रुपमा उल्लेख गरी अनुसूची १ बमोजिम पेश गर्नु पर्नेछ ।

ख) पशुपालक कृषक आरुघाट गाउँपालिका क्षेत्रभित्रको हुनुपर्नेछ र पशुपन्छी बिमा सम्बन्धी कृषक/समुह/सहकारीहरुलाई अभिमुखीकरण तालिम प्रदान गरिनेछ ।

ग) पुर्व बिमा गरिएका पशु भएमा यो सेवा लिन पुनः नबिकरण गरेको हुनु पर्दछ ।

घ) सम्बन्धित पशु सेवा शाखाको सिफारिसमा अनुदान वापतको रकम बिमा कम्पनि वा सहकारी संस्थालाई भुक्तानी दिईनेछ ।

ङ) बिमा गर्दा लाग्ने बिमांक प्रिमियम रकमको अनुदान रकम सरकारी मान्यता प्राप्त बिमा कम्पनि,कृषक,कृषक समूह,सहकारी संस्था वा सुचिकृत बिमा अभिकर्तालाई उपलब्ध गराइने छ ।

च) मान्यता प्राप्त बिमा कम्पनीबाट बिमा अभिकर्ता तालिम लिई यस कार्यालयमा बिमा अभिकर्ता सुचिकृत भएको हुनु पर्नेछ । बिमा अभिकर्ताले उक्त कार्यमा सहजीकरण गर्न सक्नेछ तथा आवस्यक विवरणहरु पूर्ण रुपमा उल्लेख गरी अनुसूची ३ बमोजिम पेश गर्नुपर्नेछ । तर बिमा अभिकर्तालाई कुनै किसिमको आर्थिक सुबिधा उपलब्ध गराइने छैन ।

छ) बिमित पशुको कुनै कारणवस मृत्य भएमा सो को जानकारी सम्बन्धित शाखा वा वडा कार्यालयमा बिमा अभिकर्ताले अनिवार्य रुपमा जानकारी गराउनु पर्नेछ ।

ज) बिमा अनुदान सेवा उपलब्ध गराए वापतको रकम यस कार्यालयबाट उपलब्ध गराइनेछ ।

झ) बिमा अभिकर्ताले सेवा उपलब्ध गराए वापतको रकम भुक्तानी लिंदा एउटा पशुमा एक पटक भन्दा बढी सेवा पुर्याए वापतको भुक्तानी गाउँपालिका बाट गरिने छैन । तर झुक्याई भुक्तानी लिएमा,नक्कली कागजात बनाई भुक्तानीका लागि पेश गरेमा सम्बन्धित पशु बिमा अभिकर्ता,कम्पनि तथा सहकारी संस्था स्वयं जबाफदेही हुनेछ र निज अभिकर्ता भएमा निजले पुनः कुनै पशुको बिमा गरेमा भुक्तानी यस कार्यालयबाट उपलब्ध गराइने छैन साथै निजको सूचीकरण रद्ध गरीनिजले पाउने भुक्तानी रोक्का राखी गाउँपालिकाको निर्णयानुसार आवस्यक कारबाही गरिनेछ ।

ञ) बिमा अनुदानको बिमांक प्रिमियम रकम लिदा सहकारी संस्था तथा कम्पनीले बिमा गरेको ३० दिन भित्रमा यस कार्यालयमा आवस्यक कागजात (बिमा policy) सहित जानकारी गराउनु पर्नेछ ।

ट) बिमा रकम दाबी गर्न आउदा बिमित पशुको संकेत पट्टा (tag number) स्पष्ट देखिने फोटो सहित आउनु पर्नेछ ।

**परिच्छेद-३**

४. कार्यक्रमको खर्च :

क) आरुघाट गाउँपालिकाभित्रका पशुहरुमा अनुदानमा बिमा सेवा संचालन कार्यको लागि आवस्यक बजेट व्यवस्था आरुघाट गाउँपालिका कार्यापालिकाको कार्यालयले गर्नेछ ।

ख) कार्यक्रम अनुगमन तथा मुल्यांकन वडा/शाखा र गाउँपालिकाबाट हुनेछ ।

५. थपघट वा हेरफेर गर्न सक्नेः

यो निर्देशिका कार्यन्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनको लागि गाउँ कार्यपालिकाले आवस्यकता अनुसार ब्याख्या गर्न सक्नेछ ।

अनुसूची १

आरुघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बिमा प्राबिधिक/अभिकर्ता/सहकारी/समुह संस्था वा कम्पनीको नाम :

| क्र.स | पशु धनीको नाम थर | मिति | ठेगाना | सम्पर्क नं | पशुको जात | बिमा संकेत नं | रंग | कृषकको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |

पेश गर्ने : रुजु गर्ने : प्रमाणित गर्ने :

## अनुसुची — २

## पशुपन्छी बिमामा सुचारु हुने  सम्बन्धी सूचना !!

आरुघाट गाउँपालिका पशुसेवा शाखाको आ.व ......... को स्वीकृत कार्यक्रम अनुसार पशुपन्छी कुल बिमा शुल्कको ५० % अनुदान कार्यक्रम अन्तर्गत मिति ........देखि अर्को सूचना प्रकाशन नभए सम्म आरुघाट गाउँपालिका भित्रका पशुपन्छी पालक कृषक,फर्म,समूह,समिति वा सहकारी संस्थाले पशु सेवा शाखा वा आफुलाई पायक पर्ने वडामा खटिएका पशु स्वास्थ्य प्राबिधिक संग समन्वय  गरि आफ्ना पशुपन्छीको बिमा गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

## अनुसुची -३

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत,

बिषयः बिमा अभिकर्ता सुचिकृत हुन पाउँ ।

महोदय,

मलाई आरुघाट गाउँपालिकाबाट अनुदानमा बिमा सेवा संचालन सम्बन्धी अभिकर्ताको रुपमा कार्य गर्न इच्छा भएकाले तपशिल अनुसारको कागजात राखी यो निबेदन पेश गर्दछु ।

तपशिल;

१. मान्यता प्राप्त बिमा कम्पनिबाट बिमा अभिकर्ता तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि ।

२. एस.एल.सी/एस.ई.ई. तथा जे.टी./जे.टी.ए. प्रमाणपत्रको प्रतिलिपि ।

३. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

निवेदकको

नाम थर :

ठेगाना :

सम्पर्क :

आज्ञाले,
प्रमुख प्रशासकिय अधिकृत